## प्रस्तावहरु

प्रस्ताव नं. १ : गत वैठकमा भएका निर्णयहरुको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : नदी नियन्त्रणको कार्य स्थगित गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ३ : कार्यदल गठन सम्बन्धमा।

प्रस्ताव नं. ४ : समिति विघटन सम्बन्धमा।

प्रस्ताव नं. ५ : क्षतिग्रस्त पक्की मोटर पुल हटाउने सम्बन्धमा।

प्रस्ताव नं. ६ : CEONC अपरेशन सहितको प्रशुती सेवा संचालन खर्च भुक्तानी गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ७ : योजनाको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. ८ : आन्तरिक आय तर्फको योजनाको विवरण माग गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ९ : दररेट निर्धारण समिति गठन सम्बन्धमा।

प्रस्ताव नं. १० : ठेक्का रद्ध गर्ने सम्बन्धमा।

## निर्णयहरु

निर्णय नं. १ : मिति २०७८ साल असार २२ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरु आजको यस वैठकमा छलफल एवं समीक्षा गरियो ।

निर्णय नं. २ : मिति २०७८ साल असार १ गते आएको बाढी पहिरोबाट क्षति भएका तथा उच्च जोखिममा रहेका घर/संरचनाहरुको संरक्षण र नदी नियन्त्रणको कार्य गर्न ईन्द्रावती र मेलम्ची नदीमा हाल प्रयोग भइरहेका सबै स्काभेटरहरु मिति २०७८ साल असार २७ गते बेलुकासम्म फिर्ता गरी अर्को निर्णय नभएसम्मका लागि नदी नियन्त्रणका सबै कार्य हाललाई स्थगित गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भइ आएको हुँदा सिफारिस भए बमोजिम मेशिनरी औजार प्रयोग गरी गरिएका नदी नियन्त्रणका कार्यहरु हाललाई स्थगित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : मेलम्ची र ईन्द्रावती नदीको बाढीलाई व्यवस्थित र उचित ढंगबाट नियन्त्रण गरी नदी नियन्त्रणमा स्काभेटर एवं अन्य मेशिनरी औजारहरुको प्रभावकारी परिचालन गर्ने सम्बन्धमा एक हप्ता भित्र कार्य योजना पेश गर्नको लागि देहाय बमोजिमको कार्यदल गठन गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भइ आएको हुँदा सोही बमोजिम देहाय अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

### तपसिल

१. मेलम्ची नगरपालिका उपप्रमुख – संयोजक
२. वडा अध्यक्ष श्री जितराज थापा – सदस्य
३. वडा अध्यक्ष श्री भक्त बहादुर खड्का – सदस्य
४. वडा अध्यक्ष श्री रुद्र प्रसाद दुलाल – सदस्य
५. वडा अध्यक्ष श्री राम बहादुर लामा – सदस्य
६. वडा अध्यक्ष श्री ज्ञानेन्द्र श्रेष्ठ – सदस्य
७. नेपाली सेना प्रमुख/ प्रतिनिधि – सदस्य
८. ईलाका प्रहरी कार्यालय प्रमुख/प्रतिनिधि – सदस्य
९. सशस्त्र प्रहरी बल मेलम्ची बेस क्यम्प प्रमुख/प्रतिनिधि – सदस्य
१०. ई. श्री जित बहादुर कार्की – सदस्य सचिव

निर्णय नं. ४ : मेलम्ची नगरपालिकबाट बाढी पश्चात ईन्द्रावती र मेलम्ची नदी नियन्त्रणका लागि गठन गरिएका सबै समितिहरुलाई मिति २०७८ साल असार २७ गते देखि लागु हुने गरी विघटन गर्न जलवायु अनुकुलन तथा विपद्

व्यवस्थापन समितिबाट सिफारिस भइ आएको हुँदा सोही बमोजिम विघटन गर्ने र उक्त समितिहरुले नदी नियन्त्रणका लागि हालसम्म गरेका कार्यहरुको उच्च मूल्याङ्कन गरी धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मिति २०७८ साल असार १ आएको भिषण बाढीले बगाएर मेलम्ची नगरपालिका स्थित मेलम्ची बजार मुनी ईन्द्रावती नदीको बीच भागमा क्षतिग्रस्त अवस्थामा रहेको पक्की मोटर पुल हटाउनको लागि सडक विभाग, काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा CEONC अपरेशन सहितको प्रशुती सेवा संचालन र OT Set Up को लागि प्राविधिक लागत इष्टिमेट बमोजिमको रकम रु. ४,६५,०००|– (अक्षेरुपी चार लाख पैंसठी हजार रुपैयाँ मात्र ) कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७ : आ.व. २०७७/०७८ मा यस नगरपालिका भित्र संघीय सरकार र प्रदेश सरकारबाट वित्तिय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदानबाट कार्यान्वयन हुने गरी विनियोजन भई ठेक्काबाट संचालित देहायका योजनाहरु कोभिड–१९ र मिति २०७८ साल असार १ गते आएको बाढी पहिरोको कारण सम्पन्न हुन नसकेको हुँदा ठेक्काबाट संचालित उक्त योजनाहरुको मिति २०७८ साल असार २८ गते सम्म भएका कार्यहरुको प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी दिने र लागत इष्टिमेट बमोजिम सम्पन्न गर्न बाँकी कार्यहरुको लागि नगरपालिकाको आन्तरिक श्रोतबाट आर्थिक दायित्व बेहोर्ने गरी मिति २०७८ साल कात्तिक मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

१. गुफा डाँडा पर्यटन पार्क निर्माण, मेनपा ९
२. अक्सिजन प्लान्ट खरिद, मेनपा
३. फट्केश्वर भञ्ज्याङ्ग सडक मर्मत, मेनपा १३
४. दाउचेत केउरानी मोटरबाटो मर्मत , मेनपा ८
५. केउरानी स्वास्थ्य इकाई तला थप तथा फर्निचर खरिद, मेनपा ८
६. गुफा डाँडा चांखु सडक, मेनपा ९
७. नेपाने पञ्चकन्या माने भञ्ज्याङ्ग सडक स्तरोन्नती, मेनपा ६
८. महाभिर भञ्ज्याङ खाल्डे सडक स्तरोन्नती, मेनपा १
९. डडाहाखोला भिरखेत अमले सेउटारी खहरेखेत सिंचाई, मुसुरे मेनपा ४
१०. ढुङ्गेछाप खानेपानी आयोजना, मेनपा ५

निर्णय नं. ८ : आ.व. २०७७/०७८ मा यस नगरपालिकाको आन्तरिक श्रोतबाट बजेट विनियोजन भएका योजनाहरु कोभिड–१९ र मिति २०७८ साल असार १ गते आएको बाढी पहिरोको कारण सम्पन्न हुन नसकेको हुँदा उक्त योजनाहरुको म्याद थप गर्ने प्रक्रियाको लागि सम्बन्धित वडा कार्यालयबाट मिति २०७८ साल असार ३० गते भित्र योजनाहरुको विवरण माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ को उपदफा (१) बमोजिम नगरपालिका क्षेत्र भित्र निर्माणको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट निर्धारण गरी पेश गर्नको लागि देहाय बमोजिमको न्यूनतम दररेट निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. वडा अध्यक्ष श्री जितराज थापा – संयोजक
२. वडा अध्यक्ष श्री ठंकराज गिरी – सदस्य
३. लेखा अधिकृत श्री मुरारी पुडासैनी – सदस्य
४. योजना शाखा प्रमुख श्री राम कुमार केसी – सदस्य
५. ई. श्री अर्जुन अर्याल – सदस्य सचिव

निर्णय नं. १० : मिति २०७८ साल असार १ गतेको बाढी पहिरो नियन्त्रण गर्नको लागि मेलम्ची नगरपालिकाबाट मिति २०७८/०३/१० मा हेबी उपकरण भाडामा लिनको लागि शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा उक्त हेबी उपकरण हाललाई आवश्यक नभएको हुँदा उक्त शिलबन्दी दरभाउपत्र रद्ध गर्ने निर्णय गरियो ।